# स्थानीय राजपत्र

भगवतीमाई गाउँ कार्यपालिकाद्धारा प्रकाशित

खण्ड २ भगवतीमाई अषाढ १० गते, २०७५ साल (संख्या : ३)

**भाग –३**
**भगवतीमाई गाउँपालिका**

**सम्वत २०७५ को कार्यविधि नं. : ०१**

## मर्मत संभार कोष संचालन कार्यविधि , २०७५

प्रस्तावना :

भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुले महत्वपुर्ण भुमिका खेलेको हुन्छ । सर्वसुलभ यातायात सिचाईको पहुँच ग्रामिण क्षेत्रमा पुऱ्याउने गाउँपालिकाको लक्ष्य पनि हो । गाउँ क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य वढ्दो छ र वनिसकेको सडकमा यातायात सुचारु गर्नको लागि तथा सुरक्षित र भर पर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ । तसर्थ सडक सिचाई भवन जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो वनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले ,

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भगवतीमाई गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएकोछ ।

### परिच्छेद - १ (एक )

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिकाको नाम “मर्मत संभार कोष संचालन निर्देशिका २०७५ ” रहने छ ।

ख) यो निर्देशिका तत्काल लागु हुनेछ ।

**२. परिभाषा :**

क) “निर्देशिका” भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ लाई बुझाँउने छ ।

ख) “ गाउँपालिका ” भन्नाले भगवतीमाई गाउँपालिका भन्ने बुझाउँने छ ।

ग) “स्थानिय तह ” भन्नाले भगवतीमाई गाउँपालिका लाई बुझाउने छ ।

घ) “उपभोक्ता समिति ” भन्नाले गाउँपालिकाको टोल र बस्ति क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समुहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाउछ ।

## परिच्छेद - २ (दुई )

**३. व्यवस्थापन समिति :**

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भर पर्दो ढंगले संचालन गर्न देहाय बमोजिमको एक मर्मत संभार कोष व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ३. वन वातावरण तथा विपद व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ५. गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट समितिले तोकेको १ जना महिला | सदस्य |
| ६. पुर्वाधार विकास प्रमुख | सदस्य सचिव |

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एक पटक बस्नेछ । तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) बैठक भत्ता गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ) बैठक आवश्यक्ता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद - ३ (तिन )

**४ कोष स्थापना :**

मर्मत संभार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ । जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) नेपाल सरकार प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकार बाट प्राप्त हुने रकम ।

ग) गाउँ सभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्तहुने रकम ।

ङ) गाउँपालिका क्षेत्र भित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धि योजनाहरुको भुक्तानी रकमको २ प्रतिसत ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्तहुने रकम ।

छ) अन्य स्थानिय तहबाट मर्मत सम्भार वापद प्राप्त हुने रकम ।

ज) विवध

### ५. कोष संचालन :

क) कोषको नाममा प्राप्तहुन आएको रकम भगवतीमाई गाउँपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिने छ ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको सयुक्त दस्तखतबाट संचालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ ।

घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद - ४ (चार)

**६. कोषको खर्च प्रणाली**

मर्मत सम्भार कोषमो जम्मा हुन आएको रकम देहाय बमोजिमको पुर्वाधार विकासको मर्मत संभार नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिने छ।

१) सडक , कल्भर्ट, पुल ढल, नाली खेल मैदान आदिको मर्मत सम्भार सम्बनिध कार्य ।
२) सिचाई, खानेपानी, विधुत, सार्वजनिक स्थलको मर्मत सम्भार सम्वन्धि कार्य ।
३) विद्यालयको भौतिक पुर्वाधार मर्मत सम्बन्धि कार्य ।
४) सार्वजनिक निकायका भौतिक संरचना एंव भवनहरुको मर्मत सम्भार सम्बन्धि कार्य ।

**७. मर्मत सम्भारको लागि छनौट मापदण्ड :**

उपभोक्ता समितिबाट र वडा कार्यालय विद्यालय व्यवस्थापन समिति स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित पटके वा आर्थिक मर्मत संभारका लागि एकिकृत आर्थिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएको योजनाहरु र गाउँपालिकाले आवश्यक ठानेको देहायका आधारमा प्रथामिकता निर्धारण गरी छनौट गर्नु पर्ने छ ।

क) सबै भन्दा वढी क्षती भएका भौतिक संरचनाहरु ।
ख) गाउँ यातापात गुरु योजनामा परेका सडकहरु ।
ग) भौतिक संरचना तथा पुर्वाधारको महत्वको आधारमा ।
घ) लाभान्वित हुने जनसंख्या वा घरधुरीको आधारमा ।
ङ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।
च) सार्वजनिक भौतिक संरचनाको दिर्घकालिन उपयोगिता र आवश्यक्ताको आधारमा ।
छ) दुई वा दुई भन्दा वढि स्थानिय तहलाई जोड्ने सडक, कृषि सडक , ग्रामिण सडक पुल पुलेसा कल्भर्ट , कुलो वाँध आदी ।

**८. मर्मत सम्भार कार्य गराउने व्यवस्था :**

गाउँपालिका भित्र रहेको भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार , पटके मर्मत सम्भार , आवधिक मर्मत सम्भार , स्थानिय उपभोक्ता बाट अधिकतम रुपमा स्थानिय श्रोत साधन र जनसक्तिको प्रयोग गरी जनसहभागीता जुटाई प्रभावकारी रुपमा संचालन गरिने छ । गाउँपालिका क्षेत्र भित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार पटके मर्मत सम्भार , आवधिक मर्मत सम्भार आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमाजिम हुने छ ।

## परिच्छेद - ५ (पाँच)

**९. संसोधन वा खारेजी :**

क) मर्मत सम्भार कोष संचालन निर्देशिका संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाबाट हुने छ ।
ख) यो निर्देशिका उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलीत ऐन नियम अनुसार हुनेछ ।
ग) यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित कानून र स्थानिय सरकार संचालन ऐन २०७४ संग बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ ।
प्रमाणिकरण मिति : २०७५/०३/१०

**आज्ञाले**
**भिमबहादुर बुढा**
**प्रमुख प्रशासकीय अधिकृत**